अनूसूचि २ -

दफा ४ तथा अनसूची–१ को भाग–१ सँग सम्बन्धित)

# बाँसगढी राजपत्र

खण्ड : **२** अंक : **३** प्रमाणिकरण : **२०७४।०५।२२**

प्रकाशन मिति : **२०७५।०६।१८**

भाग - १

बाँसगढी नगरपालिका

<u>बाँसगढी नगरपालिकाको बिनियोजन ऐन २०७४,</u>

# बाँसगढी नगरपालिकाको आ.ब. २०७४/०७५ को बिनियोजन ऐन,

## बाँसगढी नगरपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः बाँसगढी नगरपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बाँसगढी नगरपालिका नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम "बाँसगढी नगरपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४श्रावण १ गते देखि नै प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७४।०७५को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त नगर कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र सामाजिक सुरक्षा भत्ता र बाँकी फिर्ता गर्ने दायित्व समेत गरी जम्मा रकम रु. **५७,५६,२७,५८५।०० (अक्षेरुपी सन्ताउन्न करोड छपन्न लाख सत्ताइस हजार पाँच सय पचासी रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोष बाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४।०७५ को निमित्त बाँसगढी नगरपालिको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा यस नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च विनियोजित रकम खर्च शीर्षकमा बाहेक बिनियोजित रकम अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।( ३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| १ | | नगर कार्यपालिका | ४,०९,३८,६४८ | २२,३५,२८,०५० | २६,४४,६६,६९८ |
| २ | | वडा कार्यालय | ५१,७८,००० | ६,८३,००,००० | ७,३४,७८,००० |
| ३ | | बिषयगत शाखा | १५,१५,८२,८८७ | ६१,००,००० | १५,७६,८२,८८७ |
| ४ | | सामाजिक सुरक्षा भत्ता | ८,0000000 | 0 | ८,0000000 |
| ५ | **जम्मा** | | २७,७६,९९,५३५ | २९७९२८0५0।00 | ५७,५६,२७,५८५।00 |